# साइकल सरर



बिक्रीका लागि हो

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# साइकल सरर



लेखन
सूर्य बी.सी.

चित्राङ्कन
नारायण बोहजू

सम्पादन
शाश्वत पराजुली

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ पाठ्यक्रम विकास केन्द्र


बिक्रीका लागि होइन

पूजा साइकल चढेर रिमालाई भेट्न गइन् ।



बिक्रीका लागि होइन ।

"रिमा, हेर त मेरो साइकल !", पूजा फुरुङ्ग देखिइन् ।



“आहा ! कस्तो राम्रो साइकल ।”, रिमालाई पूजाको साइकल मन पर्‍यो ।



“जाऔँ अब साइकल कुदाउन ।”, पूजाले भनिन् ।
दुवै जना दङ्ग पर्दै साइकल कुदाउन हिँडे ।



बिक्रीका लागि होइन ।



पूजाको साइकल नयाँ थियो। रिमाको चाहिँ पुरानो थियो।
रिमाको साइकल कालो थियो। पूजाको साइकल रातो थियो।




बिक्रीका लागि होइन

पूजाले पाउदानी छिटोछिटो चलाइन् । रिमाले ढिलो चलाइन् । त्यसैले पूजाको साइकल अगिअगि भयो । रिमाको पछिपछि पऱ्यो ।

बाटाका छेउमा अग्ला घर थिए ।



त्यता होचा घर पनि थिए ।



बाटोमा कतै उकालो थियो । कतै ओरालो थियो ।



बिक्रीका लागि होइन ।



का लागि होइन ।



कहिले दायाँ घुम्ती आउँथ्यो ।

कहिले बायाँ घुम्ती आँउथ्यो ।



"आहा ! कति राम्रो बगैँचा !", दुवैले भने ।

त्यहाँ ठुला रुख थिए । साना रुख पनि थिए ।





उनीहरूले बगैँचामा लुकामारी खेल खेले ।



बिक्रीका लागि होइन ।

बिक्रीका लागि होइन ।